annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९७ पृष्ठ ८ | काठमाडौं, मंगलबार २२ साउन २०८१ | श्रावण शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४४ | TUESDAY, AUGUST 6, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## स्थानीय तहमा छैन सुशासन



विशनदेव जोशी

इजलास

स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो। नागरिकको सबै प्रकारका समस्याहरू सम्बोधनको पहिलो संयन्त्र स्थानीय सरकार हो। स्थानीय सरकारद्वारा जनताले शासनमा सहभागी हुने र लोकतन्त्रको प्रतिफल प्राप्त गर्छन्। त्यसैले स्थानीय शासन लोकतन्त्र र असल शासनको आधारस्तम्भ मानिन्छ।

सुशासनका आधारभूत तत्वका रूपमा पारदर्शिता, सार्वजनिक उत्तरदायित्व, प्रभावकारिता, कानुनको शासन तथा भ्रष्टाचार नियन्त्रणलाई लिइन्छ। लोकतन्त्रको मुख्य उद्देश्य मुलुकमा सुशासन प्रबर्द्धन गरी शासन सत्ता र संयन्त्रलाई नागरिकको हितमा केन्द्रित गर्नु हो।

शासन व्यवस्था, सरकारको चाहना तथा लक्ष्यका रूपमा सुशासन स्थापनामा स्थानीय सरकारको भूमिका अपरिहार्य र महत्वपूर्ण रहन्छ। स्थानीय सरकारले संविधानत: प्राप्त अधिकारबमोजिम कार्यसम्पादन गर्दा सुशासनका मान्यता आत्मसात गर्नुपर्छ।

आफ्नो निर्णयमा खुलापन र पारदर्शिता, सार्वजनिक उत्तरदायित्व निर्वाह, कार्यसम्पादनमा प्रभावकारिता, कानुनको शासनको प्रभावकारी अभ्यास, भ्रष्टाचार नियन्त्रणको पर्याप्त र प्रभावकारी उपायको अवलम्बन, सरोकारवालाको सहभागिता, निर्णयमा पहुँच तथा शासन र लाभमा सबैको समावेशी सहभागिता जस्ता मानकले नै स्थानीय सरकारको सुशासनको अवस्थालाई प्रतिविम्बित गर्छ।

पछिल्लो समय महालेखा परीक्षकको कार्यालयले स्थानीय तहमा देखिएको बेरुजुलाई चिन्ताका रूपमा लिएको छ। स्थानीय तहको बेरुजु न्यूनीकरणका लागि विशेष रणनीति नै आवश्यक छ। वर्तमान कानुन, प्रणाली, कार्यविधि, तौरतरिका, पद्धति र स्थानीय सरकारको कार्य, जिम्मेवारी, दायित्व, नागरिकका समस्या समाधान गर्ने तत्परता र राजनैतिक गतिशीलताबीच तालमेल जरुरी छ।

केन्द्रीकृत कार्यशैलीले स्थानीय तहको जिम्मेवारीको गाम्भिर्यतालाई बोध गर्न सकिरहेको छैन। स्थानीय सरकारद्वारा आफ्नो स्रोतसाधनको विवेकशील विनियोजन गर्नुपर्छ। विवेकशील विनियोजन नहुनु पनि बेरुजु निस्कनुको कारण हो। निर्वाचित प्रतिनिधिले लोकतन्त्रलाई जरैबाट मजबुत बनाइ आम नागरिकको राजनीति र राजनीतिज्ञप्रतिको भरोसा बढाउन भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नु आवश्यक छ।

*(जोशी, स्थानीय शासनविज्ञ हुन्।)*

कभर स्टोरी

# आरक्षणको आगोले ढाल्यो बंगलादेशको बलियो सत्ता

विगत एक महिनादेखि बंगलादेशमा जारी आरक्षण विरोधी आन्दोलन सोमबार उत्कर्षमा पुगेको छ। आन्दोलनरत विद्यार्थी एवं युवा जमातको क्रोधले प्रधानमन्त्री शेख हसिनाको १५ वर्षे शासन सत्ता समाप्त पारिदिएको हो।

**रामकला खड्का** | *काठमाडौं*

**- को रिपोर्ट**



समाचार पृष्ठ २

## नेपाली विद्यार्थीको चिन्ता, देश नछाड्न दूतावासको आग्रह

**राधा खनाल** | *काठमाडौं*

बंगलादेशमा भएका नेपाली विद्यार्थीहरूलाई दूतावाससँग समन्वय नगरी देश नछोड्न सोमबार ढाकास्थित नेपाली राजदूतावासले आग्रह गरेको छ।

बंगलादेशमा चिकित्साशास्त्रको अध्ययनका लागि पुगेका करिब २ हजार ६ सय नेपाली विद्यार्थीमध्ये करिब ४ सय जना अझै बंगलादेशमै रहेको दूतावासको आंकलन छ। नेपाली दूतावाससँगको समन्वयमा २ हजार जनाभन्दा धेरै नेपाली विद्यार्थी विगत केही साताभित्र नेपाल फर्किसकेका छन्। ढाकास्थित नेपाली राजदूत घनश्याम भण्डारीले भने अन्नपूर्णसँग कुरा गर्दै बंगलादेशमा रहेका नेपालीहरू सबै सुरक्षित रहेको बताएका छन्।

भण्डारीले भने, 'यहाँ करिब ४ सय हाराहारी विद्यार्थी हुनुहुन्छ। तीमध्ये धेरै अस्पतालमा कार्यरत हुनुहुन्छ। र, केही विद्यार्थीहरू हुनुहुन्छ। यदि उहाँहरू फर्किन चाहेको खण्डमा उहाँहरू दूतावाससँग सर्म्पक गरेर फर्किन सक्नुहुन्छ।'

भण्डारीले भने, 'राजधानी ढाकासहित बंगलादेशका अधिकांश ठाउँमा आइतबार साँझदेखि कर्फ्यु लागेको छ। कर्फ्युकै कारण दूतावासले आफू स्वत: स्फुर्त तवरले बाहिर नजान पनि र यदि निस्कनै पर्दा दूतावाससँग सम्पर्क गर्न भनेको थियो। ढाकास्थित नेपाली दूतावासले यात्रा निर्देशिकासम्बन्धी एक विज्ञप्ति जारी गर्दै बंगलादेशमा रहेका नेपालीहरूलाई सतर्कता अपनाउन भनेको छ। 'सम्पूर्ण नेपालीहरूलाई आफू बसेको स्थानमा सुरक्षित रहन र अधिकतम सतर्कता अपनाउन अनुरोध छ।' नेपालबाट अधिकांश विद्यार्थीहरू एमबीबीएस अध्ययन गर्न बंगलादेशका विभिन्न सहरहरूमा पुग्ने गरेका छन्। त्यसबाहेक कृषि तथा इन्जिनियरिङ अध्ययन गर्न पनि विद्यार्थीहरू बंगलादेश पुग्ने गर्छन्।

बाँकी पृष्ठ २

## प्राधिकरण टुक्र्याउन सरकारको चासो



**सुनिता कार्की** | *काठमाडौं*

फेरि एकपटक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को क्षेत्राधिकार छुट्ट्याउने विषयमा चर्चा सुरु भएको छ। प्राधिकरणलाई सेवाप्रदायक र नियामक गरी छुट्टाछुट्टै निकाय बनाउने सम्बन्धमा नेपाली कांग्रेसले पहल सुरु गरेको छ। नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्राधिकरण टुक्र्याउने विषयमा छलफल गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा कांग्रेस सभापति शेरबहादुर देउवा, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, सांसदहरू उदयशमशेर राणा, सञ्जयकुमार गौतम, सरिता प्रसाईं, राजेन्द्र बजगाईंलगायतले प्रधानमन्त्रीसँग प्राधिकरण टुक्र्याउने विषयमा छलफल गरेका हुन्।

सांसद उदयशमशेर राणाले हवाई उड्डयन सेवा, सञ्चालन तथा नियमनको काम एकै निकायले गर्न नसक्ने भन्दै प्राधिकरणको क्षेत्राधिकार छुट्ट्याउन प्रधानमन्त्रीलाई सुझाव दिएको जानकारी दिए। 'बितेको साढे २ वर्षमा ८ विमान दुर्घटना भएका छन् भने ११८ मानिसले ज्यान गुमाएका छन्। तर, यसको जिम्मेवारी कसैले लिँदैन।' सांसद राणाले अन्नपूर्णसँग भने। प्राधिकरण नेतृत्व हवाई सुरक्षामा भन्दा पनि भवन निर्माणमा केन्द्रित रहेको उनको भनाइ छ।

हवाई दुर्घटनापछि छानबिन समिति बन्ने तर सरकारले यसको जिम्मेवारी नलिने प्रवृत्तिप्रति पनि ध्यानाकर्षण गराएको उनले बताए। सांसदहरूसँगको छलफलमा प्रधानमन्त्री ओलीले यसमा काम गर्न पर्यटन मन्त्रालयलाई निर्देशन दिएको सांसद राणाले जानकारी दिए। प्रधानमन्त्रीको निर्देशनपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले प्राधिकरण टुक्र्याउने विधेयकलाई अघि बढाउने सम्बन्धमा गृहकार्य सुरु गरेको मन्त्रालय उच्च स्रोतले जानकारी दियो।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) र युरोपेली युनियन (ईयू) ले सन् २०१३ देखि नै नेपालको हवाई सुरक्षाका लागि प्राधिकरण टुक्र्याउनुपर्ने भन्दै आइरहेका छन्। ईयूले नेपाली हवाई सेवा लगायतको प्रतिबन्ध यही कारणले अझै खुलाएको छैन।

तत्कालीन पर्यटनमन्त्री योगेशकुमार भट्टराईले २०७६ चैत ११ गते राष्ट्रियसभाको बैठकमा दुई विधेयक माथिको दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पेस गराएका थिए। विधेयक आएपछि हवाई क्षेत्रको नियमन 'नेपाल नागरिक उड्डयन प्राधिकरण' (क्यान)ले गर्ने छ भने हवाई सेवा प्रदान 'नेपाल हवाई सेवा प्राधिकरण' (आसान) ले गर्ने उल्लेख गरिएको छ। नागरिक उड्डयन प्राधिकरणसँग सम्बन्धित हवाई सेवा प्राधिकरण विधेयक र उड्डयन प्राधिकरण विधेयक २०७६ राष्ट्रिय सभाबाट पारित भए पनि प्रतिनिधिसभाबाट भने फिर्ता भएको थियो।

बाँकी पृष्ठ ६

## 'नेपालमा केही भएन भन्ने भाष्य द्रुतमार्गले खण्डन गरेको छ'

**मकवानपुर** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) अन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-१२ स्थित घट्टेपाखा-धेद्रे सुरुङको 'ब्रेक थ्रु' गरेका छन्। उनले सोमबार एक समारोहबीच काठमाडौं-निजगढतर्फको १ दशमलव ७ सय २८ किमी लामो सुरुङ 'ब्रेक थ्रु' गरेका हुन्।

कार्यक्रममा प्रधानमन्त्री ओलीले मुलुकमा नयाँ प्रविधियुक्त ढंगले लामा सुरुङ निर्माणमा 'ब्रेक थ्रु' एउटा महत्वपूर्ण कार्य भएको बताए। उनले भने, 'विगतमा जुन रफ्तारमा विकास हुनुपर्थ्यो, त्यो भएन, अब विकासको नमुना यो द्रुतमार्ग हुनेछ।' द्रुतमार्ग अघि बढाउने सन्दर्भमा देखिएका बाधा ब्यवधानलाई समाधान गर्न सरकार तयार रहेको बताउँदै उनले द्रुतमार्ग निर्माणमा देखिएका व्यवधान राजनीतिक मात्र नभई अर्थतन्त्रसँग पनि जोडिएको स्पष्ट पारे।

नेपालमा केही भएन भन्ने भाष्य खडा गर्न खोजिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले द्रूत मार्गको सुरुङ निमार्णले त्यसलाई खण्डन गरेको बताए। सांस्कृतिक अन्तर्घुलन, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण र पर्यटन उद्योग प्रबर्द्धन गर्न मुलुकको आत्मविश्वासको दृष्टान्तका रूपमा द्रुतमार्ग भएको बताउँदै प्रधानमन्त्री ओलीले देशमा पूर्णशान्ति र भयरहित वातावरण बनाउन प्रतिबद्ध रहेको धारणा राखे।

उनले देश विकास होस, नागरिकको जीवनस्तर माथि उठोस, सुखी नेपाली र समृद्ध नेपालका राष्ट्रिय आकांक्षा पूरा होस् भन्ने दृष्टिकोणले सरकारले काम गरिरहेको उल्लेख गरे। अप्टिकल फाइबर, फोर जी इन्टरनेटलगायतका सेवा सबै जिल्लामा पुर्‍याउने काम अघि बढिरहेको बताउँदै प्रधानमन्त्री ओलीले द्रूतमार्गलगायतका पूर्वाधारले यस्ता कार्यक्रमलाई सहयोग पुर्‍याउने बताए।

उनले सुरु गरेका काम समयमै सम्पन्न गर्न पूर्वाधार विकाससँग जोडिएका मन्त्रालयका पदाधिकारीलाई निर्देशन दिए। द्रुतमार्ग विसं २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको आयोजना १३ प्योकजमा विभाजन गरी निर्माण भइरहेको छ। आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनका चरणमा छन्।

# डोरीले बस तान्दै यात्रु

**शिव उप्रेती** | *गोरखा*

के तपाईं आजभोलि बेनीघाट आरुघाट लार्के सडकमा यात्रा गर्ने तयारी गर्दै हुनुहुन्छ ? हुनुहुन्छ भने पाखुरा र तीघ्रामा घ्यु घस्दै गर्नुहोस् अनि, तागतिलो खाना खाएर बल संग्रह गर्दै गर्नुहोला। किनभने आर्खेत सोती खण्डको अजुवाखोलामा तपाईंले पक्का पनि बसलाई डोरीले बाँधेर तान्नुपर्ने छ।

अजुवाखोला पुलको एकातर्फ हिलोमा बस फस्छ। अर्कोतर्फ उकालोमा बस चढ्न सक्दैन। यी दुवै पुलजिपमा भएभरका यात्रु ओर्लेर बसलाई तान्ने र धकेल्ने गर्नुपर्छ। तान्न, धकेल्न सकिएन भने यात्रा रद्ध हुन्छ। 'यो बर्खामा माछाखोलासम्म त बस चल्दैन। जिप मात्र चल्छ।

बल्लतल्ल सोतीसम्म जाने हो', आर्खेतसम्म जानेबाटो साह्रै सकसपूर्ण छ', जिप चालक विकास गुरुङ भन्छन्, 'जिप त जसोतसो चल्छ, बसलाई साह्रै धामा छ।' पुलजीपको उकालो चढ्न कुनै बसलाई एक दुई घण्टासम्म लाग्ने, कुनैले यात्रा रद्ध गर्ने उनले बताए। लामो समयसम्म क्रोनिक बनेर बल्लतल्ल हालसालै बनेको अजुवाखोला पुलको संरचना सवारीमैत्री नहुँदा यस्तो आपतविपद् सहनु परेको हो।



**बेनीघाट, आरुघाट लार्के सडकको अजुवाखोला पुलजिपमा बस तान्दै यात्रु।** ● भीमप्रसाद गुरुङ

'पुलजिपको उकालोमा बस चढ्नै सक्दैन। त्यसमाथि पानीले गर्दा बस घन्टौंघण्टा भुतभूति खेल्छ', यातायात व्यवसायी पूर्ण गुरुङ भन्छन्, 'सोतीबाट ८ बजे छुटेको बस १० बजेसम्म अजुवाखोलामै अड्किन्छ। कुनैले दुई घण्टा लाइदिन्छ। कुनैले सक्दै नसकेपछि क्यू क्यान्सिल गरिदिन्छ, कुनैले दुई हजार खर्च गरेर ट्र्याक्टर लाएर तान्छन्।' पुल बनाउने ठेकेदारले काममा लापरबाही गरिदिँदा दु:ख पाएको उनको भनाइ छ।

आरुघाट गाउँपालिका ३ र ४ जोड्ने अजुवाखोला पुलको निर्माण गर्दा ठेकेदारले काम कमसल गरेको र गाउँपालिकाले पनि बेवास्ता गरेकाले समस्या भोग्नु परेको उनको भनाइ छ। 'रोडबाट पुलको जिपसम्म चढ्ने ठाउँ त ग्रेडिङ मिलाउनुपर्छ नि! तर ठेकेदार काम बिगारेर छोडेर गयो', गुरुङले भने, 'यात्रुले यस्तो दु:ख पाइरहेका छन्, मिलाइदिनुपर्‍यो भनेर गाउँपालिका अध्यक्षलाई भन्दा सधैं भोलिभोलि भनेर टारिरहन्छन्।'

काम सम्पन्न नहुँदै गोरखा एप्रोप्रियट निर्माण कम्पनीले अधकल्चो पारेर गएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिए। 'पुलको एउटा जिपमा पानीको आहाल छ, अर्को जिप ठाडै उकालो छ। ग्रेडिङ मिलाएर मात्र साइट छाड्न भनेका थियौं, तर कन्ट्र्याक्टरले अटेरी गरी साइट छाडेर गए', गुरुङले भने, 'एक्साभेटर बिग्रियो भन्ने निहुँ पारेर जान लागेका थिए, प्रहरीलाई अनुरोध गरेर एक्साभेटर इप्रकाबाट अगाडि जान दिएनौं। त्यहीं राख्न लगायौं।' गाउँपालिकाले छिट्टै मर्मत गरिदिने उनले बताए।